बित्थडचिर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देउलेख, बझाङ
सुदूर पश्चिम प्रदेश, नेपाल

पत्र संख्याः- २०७७/७८
च.नं.

## सेवा करारमा लघुउद्यम विकास सहजकर्ता (EDF) पद पूर्ति सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०७/२५**

प्रस्तुत विषयमा यस बितथडचिर गाउँपालिकाको आ.व. २०७७/७८ को सशर्त अनुदान कार्यक्रम तर्फ गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन गर्नका लागि कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ७ बमोजिम तपशिलमा उल्लेखित योग्यता पुगी १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा आवश्यक शैक्षिक योग्यता र अनुभवका कागजात, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, ३ प्रति पासपोर्ट साइजको फोटो, गाउँपालिकाले निर्धारण गरेको निर्दिष्ट ढाँचाको दरखास्त फाराम स्वयमले भरी आवेदन दस्तुर रु. ५००/ सहित आवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

विज्ञापन नं.: ०५/२०७७/७८

पद : उद्यम विकास सहजकर्ता (EDF)

तह : चौथो

संख्या : २ जना

सेवाको किसिम : करार

छनौटको किसिम : प्रारम्भिक योग्यताक्रम सूचि र अन्तर्वार्ता

सेवा सुविधा : वित्थडचिर गाउँपालिकाको निर्णय बमोजिम

**आवश्यक योग्यता :**

(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट उद्यम बिकास सहजकर्ता सम्वन्धि डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम बिकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तिर्ण गरेको वा

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट उद्यम बिकास सहजकर्ता सम्वन्धि प्रवेशिका परीक्षा (TSLC) उत्तिर्ण गरेको,

(घ) सम्वन्धित विषयमा अनुभव भएको महिला, जनजाती, दलित, बिपन्न तथा स्थानीय उमेदवारलाई बिशेष प्राथमिकता दिइने छ।

(ङ) छोटो सूचीमा परेका उमेदवारहरुलाई मात्र अन्तर्वार्तामा समावेश गरिने छ।

- ❖ विस्तृत जानकारीका लागि बित्थडचिर गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।
- ❖ दरखास्त फाराम वित्थडचिर गाउँपालिकाकाको वेभ साइट www.bitthadchirmun.gov.np बाट डाउनलोड गर्न सकिने छ।

(शिवलाल साउद)
नि. प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner